# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ९, मिति २०८१ माघ २३ गते

## भाग-२

## बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बौदीकाली गाउँपालिकाको महिला स्वास्थ्य स्वयंसेविका सम्मान तथा बिदाई कार्यविधि, २०८१

**प्रस्तावना :**

समुदायमा रही स्वास्थ्यका बिभिन्न कार्यक्रमहरु सम्पन्न गर्नका लागि योगदान गर्नुहुने महिला स्वास्थ्य स्वय सेविकाहरुको योगदानको कदर गर्दै नेपाल सरकारले आ.ब.२०७१/०७२ देखि नागरिकताको आधारमा ६० वर्ष उमेर पुगेका वा कम्तिमा १० बर्ष सम्म सेवा गरेका शारीरिक/मानशिक रुपमा अशक्त भई सेवा प्रदान गर्न नसकेका महिला स्वास्थ्य स्वयसेविकाहरुलाई स्वास्थ्य स्वयसेविका कार्यक्रम रणनीति २०६७ ( पहिलो संशोधन २०७६ ) बुदा २.३.२ को (ङ) अनुसारको बुदाहरु बमोजिम सम्मानजनक बिदाई गर्नका लागि यो कार्यविधि तयार गरि लागु गरिएको छ ।

## परिच्छेद १

**१ संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम **"महिला स्वास्थ्य स्वयं सेविका सम्मान तथा बिदाई कार्यविधि, २०८१"** रहने छ।

ख. यो कार्यविधि मिति २०८१/०४/०१ गतेदेखि प्रारम्भ हुनेछ ।

**२ परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिका सम्झनु पर्छ ।

ख. "गाउँकार्यपालिका" भन्नाले बौदीकाली गाउँकार्यपालिका सम्झनु पर्छ ।

ग. "स्वास्थ्य कर्मचारी" भन्नाले बौदीकाली गाउँकार्यपालिकाको मातहतका स्वास्थ्य संस्थामा स्थाई कर्मचारी र सेवा करारका स्वास्थ्य कर्मचारी सम्झिनु पर्छ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बौदीकाली गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ङ. "महिला स्वास्थ्य स्वयंसेविका" भन्नाले बौदीकाली गाउँपालिका अन्तर्गत रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्झिनु पर्छ ।

## परिच्छेद २

**३. उद्देश्य :**

महिला स्वास्थ्य स्वयंसेविकाहरुले समुदायमा पुर्याएको अमुल्य योगदानको कदर गर्दै उनिहरुको कार्यभार नयाँ महिला स्वास्थ्य स्वयंसेविकालाई हस्तान्तरण गर्न प्रोत्साहन गर्ने ।

**४. लक्ष्य :**

लामो समय आआफ्नो समुदायमा रही निस्वार्थ सेवा भावले कार्यरत महिला स्वास्थ्य स्वय.सेविकाहरुलाई केहि रकम, प्रमाणपत्र सहित सम्मानका साथ बिदाई गरि वहाहरुलाई आत्म गौरान्वितको महसुस दिलाउने र नयाँ महिला स्वास्थ्य स्वयं सेविका मनोनयन गर्न मार्ग समेत खुल्ने ।

**५. महिला स्वास्थ्य स्वयंसेविका बिदाई प्रक्रीया :**

क. महिला स्वास्थ्य स्वयंसेविका भई कम्तिमा १० बर्ष सम्म सेवा गरेका शारीरिक/मानशिक रुपमा अशक्त भई सेवा प्रदान गर्न नसकेका महिला स्वास्थ्य स्वयसेविकाहरुलाई सम्बन्धित स्थानीय तहले पनि थप रकम ब्यबस्था गरि बिशेष समारोह आयोजना गरि सम्मान सहित बिदाई गर्नका लागि ब्यबस्था गरिएको हो ।

ख. कार्यक्रम संचालन गर्नका लागि सर्वप्रथम सम्बन्धित स्वास्थ्य सस्थाहरु मार्फत ६० बर्ष उमेर पुगी बिदाई हुने स्वयसेविकाहरुको संख्या र विवरण संकलन गर्ने र सोहि आधारमा सम्मान र बिदाई गर्ने

ग. बिदाई गर्दा देहायका विवरण सहितको अभिलेख राख्नु पर्नेछ ।

- ✓ स्वास्थ्य आमा समुहले नयाँ महिला स्वास्थ्य स्वय सेविका छनौट गरेको नयाँ स्वय सेविकाको पूर्ण विवरण सहितको बैठकको निर्णय ।
- ✓ सम्बन्धित स्वास्थ्य सस्थाबाट महिला स्वास्थ्य स्वय सेविकाको सेवा अवधि सहितको व्यक्तिगत विवरण उल्लेख भएको सिफारिस पत्र ।

- ✓ महिला स्वास्थ्य स्वय सेविकाको सम्पर्क नम्बर सहितको विवरण ,
- ✓ नागरिकताको प्रतिलिपि ।

घ. १० वर्ष सम्म सेवा पुरा भएको र अवकाश हुने उमेर बाँकी हुँदाहुँदै पनि शारीरिक/मानशिक रुपमा अशक्त भएको हो भने चिकित्षक वा कार्यरत स्वास्थ्य सस्था बाट सिफारिस पत्र ।

ङ. स्थानीय तह बाट बजेट व्यवस्था गरि बिदाई हुने हरेक स्वय सेविका लाई कम्तिमा रु.१००००/-(दश हजार रुपैया) रकम ससम्मान प्रदान  गर्न सकिनेछ ।

च. हरेक वडामा रहेका १/१ वटा मूल स्वास्थ्य सस्थाहरुलाई महिला स्वयसेविका दिवस भब्य रुपले उत्सबको रुपमा मनाउनको लागि ब्यानर, प्ले कार्ड, खाजा खर्च स्वरूप कम्तिमा रु. ८०००/- को दरले प्रदान गर्न सकिनेछ ।

छ. यो कार्यविधि २०८१ साउन १ गते देखि लागु हुने छ ।

प्रमाणीकरण मिति : २०८१/०८/०६

आज्ञाले
उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका